थापाथली, काठमाण्डौ
फोन: ४१०१७३९
फयाक्स: ४१०१७४१
Email: pdm@nrb.org.np
Website: www.nrb.org.np

## नेपाल राष्ट्र बैंक
### राष्ट्रऋण व्यवस्थापन विभाग

पत्रसंख्या : राऋप्र/ ०७२/७३

मिति: २०७२/०९/२३

सम्पूर्ण वाणिज्य बैंक, विकास बैंक एवम् वित्त कम्पनीहरु

**विषय : माष्टर रिपर्चेज एग्रीमेण्ट गर्ने सम्बन्धमा ।**

महाशय,

मौद्रिक तरलता व्यवस्थापनको अल्पकालिन उपकरणको रुपमा आर्थिक वर्ष २०६१/६२ देखि नेपाल राष्ट्र बैंकको अग्रसरतामा बोलकबोलको माध्यमबाट रिपो तथा रिभर्स रिपो कारोबार नेपाल राष्ट्र बैंक र वाणिज्य बैंक, विकास बैंक एवम् वित्त कम्पनीहरु बीच हुँदै आएको व्यहोरा यहांलाई विदितै छ । रिपो तथा रिभर्स रिपो बोलकबोलमा सहभागी हुन अनिवार्य रुपमा माष्टर रिपर्चेज एग्रीमेण्ट गरिएको हुनुपर्ने व्यवस्था रहेको र माष्टर रिपर्चेज एग्रीमेण्ट सम्वन्धी अभिलेख अध्यावधिक गर्नु समेत परेकोले हालसम्म माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका र यस अघि त्यस्तो एग्रीमेण्ट गरिसकेका समेतले मिति २०७२ माघ मसान्त भित्र यस विभागमा सम्पर्क राखी मास्टर रिपर्चेज एग्रिमेण्ट गर्नुहुन अनुरोध छ । सो मितिपश्चात् माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका संस्थाहरु रिपो तथा रिभर्स रिपो बोलकबोलमा सहभागी हुन नसक्ने व्यहोरा समेत जानकारी गराउन चाहन्छु । उक्त माष्टर रिपर्चेज एग्रीमेण्टको फर्म्याट तथा सो सम्वन्धी जानकारी यस बैंकको निम्न वेबसाइटमा उपलब्ध "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" को अनुसूचि-१ (पेज नं.८) मा रहेको छ ।

http://www.nrb.org.np/lgd/rules_bylaws/Khula%20Bazar%20Biniyamawali%202071.pdf

भवदीय,

(डा.मीनबहादुर श्रेष्ठ)
कार्यकारी निर्देशक